# निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ८ | संख्या १ | मिति २०८१/०५/१३ |

## भाग २

### निस्दी गाउँपालिका

### लुम्बिनी प्रदेश, नेपाल

### शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ ज(११) ले दिएको अधिकार तथा निस्दी गाउँ शिक्षा ऐन २०८० (शंशोधन सहित) को दफा ७३ बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र अध्ययनरत विद्यार्थी संख्याको अनुपातमा विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकोले निस्दी गाउँ कार्यपालिकाले "**शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१**" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

CamScanner

# निस्दी गाउँपालिका
## मित्याल, पाल्पा

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

## निस्दी गाउँपालिका

**प्रकाशित मितिः २०८१/०५/१३**

गाउँ शिक्षा ऐन २०८०(संशोधन सहित), गाउँ शिक्षा नियमावली २०८१ र शिक्षा ऐन २०२८( संशोधन सहित) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी निस्दी गाउँपालिकाले यो " **शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१"** जारी गरेको हो।

**निस्दी गाउँपालिका**

**शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१**

**प्रस्तावना**ः निस्दी गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा कार्यरत भएका शिक्षक विद्यार्थी संख्याको अनुपात विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकोले निस्दी गाउँपालिकाको गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा (११) ज.११ ले दिएको अधिकार प्रयोग गरी प्रक्रियागत रुपमा सरल सहज र पारदर्शी ढंगबाट कार्यान्वयन गर्न बाञ्छनिय भएकोले निस्दी गाउँपालिकाले यो शिक्षक दरवन्दी मिलान कार्यविधि बनाई लागु गरेको छ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(क) यस कार्यविधिको नाम निस्दी गाउँपालिका शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि निस्दी गाउँपालिका भर लागु हुनेछ।

(ग) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "गाउँपालिका" भन्नाले निस्दी गाउँपालिका बुझ्नु पर्नेछ।

(ख) "अध्यक्ष" भन्नाले निस्दी गाउँपालिकाको अध्यक्ष लाई बुझ्नुपर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले निस्दी गाउँपालिका उपाध्यक्ष लाई बुझ्नुपर्दछ।

(घ) "कार्यपालिका" भन्नाले निस्दी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निस्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(च) "गाउँ शिक्षा समिति" भन्नाले निस्दी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटाका शिक्षक तथा अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकलाई सम्झनुपर्दछ।

(ज) "ऐन" भन्नाले निस्दी गाउँपालिका गाउँ शिक्षा ऐन, २०८० (संशोधन सहित) तथा शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई बुझ्नुपर्दछ।

(झ) "नियमावली" भन्नाले निस्दी गाउँपालिका गाउँ शिक्षा नियमावली, २०८१ तथा शिक्षा नियमावली, २०५९ (संसोधन सहित) लाई बुझ्नुपर्दछ।

(ञ) "तह" भन्नाले विद्यालयको तह बुझ्नुपर्दछ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले सामुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ।

(ठ) "शिक्षा शाखा" भन्नाले गाउँपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन तथा नियमावली बमोजिम तोकिएको कार्य गर्न नेपाल सरकारले व्यवस्था गरेको शिक्षा, युवा तथा खेलकुद शाखालाई बुझ्नुपर्दछ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ण) "विद्यालय व्यवस्थापन समिति" भन्नाले निस्दी गाउँपालिका भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(त) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम कार्यविधिमा तोकिएको वा तोकिएको बमोजिम सम्झनुपर्दछ।

## परिच्छेद - २
## विवरण अद्यावधिक

१. विवरण अद्यावधिक गर्नेः

(१) गाउँपालिकाले विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ । विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम बार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या, विद्यालयमा स्वीकृत दरबन्दी, राहत कोटा, शिक्षण सहयोग अनुदान र गाउँपालिका शिक्षक अनुदानमा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ । अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन सोहि विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ । अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ।

२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्नेः

(१) विद्यालयगत, तहगत, कक्षागत र शिक्षक विद्यार्थी अनुपात निकाल्दा न्यूनतम १० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नु पर्नेछ।

## परिच्छेद - ३
## दरबन्दी मिलान गर्दा लिइने आधारहरु

३.१ आधारभूत तह कक्ष १- ३, कक्षा १- ५ सचालन भएका सामुदायिक विद्यालयमा न्युनतम १० जना सम्म विद्यार्थी संख्या भएमा न्युनतम १ (एक) कोटा कायम गर्ने।

३.२ आधारभूत तह कक्ष १- ३, कक्षा १- ५ सचालन भएका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या २० जना सम्म भएमा २ (दुई) कोटा कायम गर्ने।

३.३ आधारभूत तह कक्ष १- ३, कक्षा १- ५ सचालन भएका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या २१ जना वा सो भन्दा बढी भएमा त्यस विद्यालयमा ३ (तिन) कोटा कायम गर्ने।

३.४ आधारभूत तह कक्षा १- ५ सचालन भएका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या ६१ जना वा सो भन्दा बढी भएमा त्यस विद्यालयमा दरबन्दी थप गरिने।

## परिच्छेद - ४
## दरबन्दी मिलानमा कोटा थप गर्ने आधारहरु

१. कक्षा ११ र १२ सञ्चालनमा रहेका तथा कक्षा ११ र१२ को दरबन्दी प्राप्त नगरेका।

२. विद्यार्थी संख्या तुलनात्मक रुपमा बढी रहेका।

## परिच्छेद - ५
## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापनका आधारहरु

१. अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको विद्यार्थी शिक्षक अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने।

२. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्बोधन गर्ने ।

३. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजेको विद्यालयमा खटाउने ।

४. शिक्षक दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरुको संख्या एकिन गरी साराशं विवरण तयार गर्ने ।

५. शिक्षक दरबन्दी मिलान गर्नुपुर्व सम्बन्धित शिक्षकलाई अनुसूची १ बमोजिमको फाराम भराई निजले रोजेको तथा पायक बमोजिमको सम्भव भए सम्म विद्यालयमा मिलान गर्ने ।

६. गत बर्ष काजमा खटाइएका शिक्षकहरुले समेत आवेदन गर्न सक्ने ।

७. शिक्षक दरबन्दी मिलान गाउँ शिक्षा समितिको सिफारिसमा निस्दी गाउँ कार्यपालिकाले गर्ने ।

## परिच्छेद ६
## विविध

१. कार्यविधिको व्याख्याः

यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

२. कार्यविधि संशोधनः

यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३. बाधा अड्काउ फुकाउः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

२. यो कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रदेश वा संघीय शिक्षा ऐन, नियमावली तथा कार्यविधिले व्यवस्था गरेका कुराहरु सँग बाझिन गएमा स्वतः खारेज हुनेछन् ।

**अनुसूची १**

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

**शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ अनुसार विद्यालय छनौटको निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
निस्दी गाउँपालिका,
मित्याल, पाल्पा

विषयः विद्यालय छनौट सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस निस्दी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ अनुसार गाउँपालिकाले गर्ने दरबन्दी मिलानमा मैले तपशिल अनुसारको विद्यालयहरु प्राथमिकता गरी छनौट गरेको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यालयको नाम र ठेगाना | प्राथमिकीकरण | |
|---|---|---|---|
| | | अङ्क | अक्षर |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नामः
तह/श्रेणीः
किसिमः
माथिल्लो शैक्षिक योग्यताः
दस्तखतः
मोबाइल नं.
मितिः २०८१/ /